जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
**नवीन साप्ताहिक**
स.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ | अंक ३५ | २०८० साल बैशाख ३ गते आइतवार (16 Apr 2023 Sunday) | मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** गजेन्द्र नारायण सिंहपछि ... **पृष्ठ ३ मा :** नारामै सिमित 'हेल्थ ... **पृष्ठ ४ मा :** अहिले नै हो कर प्रणाली सुधार ... **पृष्ठ ५ मा :** तीन पालिकामा आगलागि हुँदा दुई ...

# एकल महिलाले बच्चा जन्माइन

**राजविराज**/सप्तरीमा एक एकल महिलाले बच्चा (छोरा) जन्माएकी छिन् । सप्तरीको कंचनरुप नगरपालिका २ बरमझिया निवासी स्व. दुखी पण्डितकी ३१ वर्षिया श्रीमती हेमन्तीदेवीले शुक्रबार बच्चा जन्माएकी हुन् ।

स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालका चिकित्सक डा. दिलिप साह र डा. जयन्तिकुमारी यादवले पेटको शल्यक्रिया गरेर बच्चा निकालेका छन् ।

श्रीमानको मृत्यु भएको १४ वर्षपछि शुक्रबार हेमन्तीले बच्चा जन्माएपछि स्थानिय समाज आश्चर्यमा परेका छन् । हेमन्ती र दुखीबीच २०६३ साल बैशाख ९ गते विवाह भएको थियो । पहिलो श्रीमती सुदामा सँग विवाह गरेको २ वर्षसम्म पनि सन्तान नभएपछि सुदामा कै आग्रहमा दुखीले हेमन्तीसँग दोश्रो विवाह गरेका थिए । विवाहपछि जेठो सन्तानका रुपमा छोरा जन्मेको



चार महिनापछि दुखीको मृत्यु भयो । बिरामी पर्दा २०६५ सालतिर श्रीमान दुखीको मृत्यु भएको जेठी श्रीमती सुदामाले बताइन् ।

हेमन्ती गर्भवति भएको थाहा पाएपछि घर परिवार तथा छरछिमेकमा हल्लीखल्ली मचिएपछि सोधपुछ गर्दा उनीमाथी जरबजस्ती करणी भएको खुलासा भएको थियो । आफूलाई छिमेकी बेचन पण्डितले जबरजस्ती करणी गरेर गर्भवति बनाएको हेमन्तीले बताएकी छिन् । दुखी पण्डितकी जेठी श्रीमती सुदामाले पनि आफू घरमा नभएको मौका छोपी छिमेकी ५५ वर्षिय बेचन घरमा पसी हेमन्तीलाई जबरजस्ती करणी गरेर गर्भवति बनाएको खुलासा गरेकी छिन् ।

यसबारे टोलमा वडाअध्यक्ष मेहदी हसन, वडा सदस्य, विभिन्न राजनीतिक दलका प्रतिनिधि राखी पंचायती बसाएर छलफल गराउँदा आफूले गर्भवति बनाएको कुरा बेचनले स्वीकार गरेको तत्कालिन बरमझिया गाविसका पूर्वप्रधानपञ्च छेदीलाल पण्डितले बताए । पंचायतीमा उपस्थित रहेका समाजसेवी बच्चा साहका अनुसार पीडक बेचनले छलफलमा हुने निर्णय आफूलाई स्वीकार्य हुने बताएर निस्के पनि भोली पल्टै बिहानै फरार भएको बताए ।

गरिबीका कारण अर्काको खेतबारीमा मजदुरीले जिविकोपार्जन गर्दै आएकी सुत्केरी हेमन्तीका जेठो छोरा कृष्ण गरिबी कै कारण घर छाडी विगत ८ वर्षदेखी मावलीमा बस्दै आएका छन् ।

पीडित महिलाका तर्फबाट इलाका प्रहरी कार्यालय कंचनपुरमा बेचनबिरुद्ध जरबजस्ती करणीको मुद्दा चलाउन माग गर्दै जाहेरी समेत परेको छ । प्रहरीले सो घटना बारे थप अनुसन्धानसँगै फरार रहेका बेचनको खोजी कार्य भइरहेको जनाएको छ ।

# पत्री उद्योगमा आगलागि

**राजविराज**/सप्तरीको खडक नगरपालिका ५ खरचुईया बजारस्थित खाना खाने पत्री उद्योगमा विद्युत सर्ट भई शुक्रबार आगलागि हुँदा उद्योगको समपूर्ण सामानहरु जलेर नष्ट भएको छ ।

स्थानिय भरत चौधरीको दुई तल्ले पक्की घरमा आगलागि हुँदा माथिल्लो तल्लामा रहेको उद्योगमा रहेको सामानहरू सम्पूर्ण जलि नष्ट हुँदा १ लाख ६५ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यस्तै शुक्रबारै सुरुङ्गा नगरपालिकाकै वडा नं. २ भेडियास्थित एकलाल चौधरीको ३ वटा परालको टालमा आगलागि भएको छ । आगलागिले परालको टाल पुर्ण रुपमा जलेर नष्ट हुँदा ४० हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यसअघि जिल्लाकै सुरुङ्गा नगरपालिकास्थित समुदाय नर्सरी जंगलमा बिहीबार साँझ आगलागि भएको छ । वडा नं. ९ परमानपुरस्थित परमानपुर वन समुदाय नर्सरी जंगलमा आगलागी हुँदा घासपात जलेको प्रहरीले जनाएको छ ।

सबै स्थानको आगलागि दमकल, नेपाल प्रहरी र स्थानिय बासिको सहयोगमा नियन्त्रणमा लिइएको तथा घटना वारे थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ज्येष्ठजनसँग आशिष थापेर जुडशीतल पर्व मनाईयो

**राजविराज**/आरोग्य, शीतलता र दीर्घ जीवनका लागी ज्येष्ठजनसंग आशीष थापेर तथा एक आपसमा हिलोमाटो दलेर मनाईने तराई मधेशको साँस्कृतिक महत्वको जुड शीतल पर्व शनिबार मनाइएको छ ।

प्रत्येक वर्ष बैशाख २ गते मनाईने यस पर्वमा बालबालिका तथा किशोर किशोरी एक आपसमा हिलोमाटो दलेर रमाईलो गर्छन भने ज्येष्ठजन आ-आफ्नो सन्तानको टाउकोमा शीतलजल खन्याएर आशीष दिइन्छ ।

गर्मीको स्वागतमा नयाँ वर्षको प्रारम्भ संगै मनाईने दुई दिवसीय जुडशीतल पर्वको पहिलो दिन शुक्रबार "सतुवाइन" गरिएको थियो । सतुवाईनका क्रममा घरका देवी देवतालाई प्रसादका रुपमा सातु, गुड चढाएर परिवारमा खाने परम्परा रहेको पण्डित रुपकान्त मिश्र बताउँछन ।

दोश्रो दिन परिवारका ज्येष्ठ सदस्यले आफु भन्दा कान्छोलाई शिरमा जल राखी आर्शिवाद दिएर यो पर्व मनाएका छन । जुडशीतल कै अवसरमा गाउँ गाउँमा रहेका पोखरी तथा इनार स्थानीय युवाहरु मिली सफा गरेका छन् ।

पोखरी तथा इनार सफा गर्दा निस्केको हिलो पानी एक आपसमा दल्ने गरिन्छ । यस दिन हिलो पानीले होली खेले चर्म रोगबाट मुक्ती पाउने जनविश्वास रहेको छ । जुडशीतलको दिन घर घरमा चुलोको समेत पुजा गरिएको छ । साँझको खाना समेत बिहानै पकाएर चुलोको पूजा गर्ने र तत्पश्चात् साँझ खाना नपकाउने चलन रहिआएको छ ।

# श्रीमान श्रीमतीको बादविवादपछि श्रमितीद्वारा आत्महत्या

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका १ रुपनीमा नयाँ वर्षको पहिलो दिन शुक्रबार राम सेवक साहको ५० वर्षिया श्रीमती सिता देबी साह झुण्डिएको अवस्थामा फेला परेकी छिन् ।

श्रीमानसँग वादबिवाद हुँदा आफ्नै घरको सुत्ने कोठामा काठको धरनमा सलको पासो लगाई झुण्डिरहेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार उनका छोराछोरीले झुण्डिरहेको अवस्था देखेपछि सलको पासो काटि उपचारका लागि युनिक अस्पतालमा पुर्‍याउँदा चिकित्सकले मृत घोषित गरेको थियो । घटना बारे थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

## यौन हिंसाबाट बचौं र बचाऔं।

- ➢ यौनजन्य हिंसा सामाजिक अपराध हो।
- ➢ यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ।
- ➢ अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं।
- ➢ उनीहरुको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ।
- ➢ त्यस्तो पाइए तत्काल उनीहरुसँग कुरा गरौं।
- ➢ बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जिल्ला प्रशासनको स्वागतयोग्य निर्णय

जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्लाको इतिहासमै कहिले नभएको निर्णय गरेर एउटा उदाहरणिय तथा ऐतिहासिक कामको नयाँ वर्षको सुरुवातसँगै सुरु गरेको छ । प्रशासन कार्यालयले बि.स. २०८० सालमा सरकारले दिने सार्वजनिक बिदाका दिन पनि सेवाहरु प्रवाह गर्ने निर्णय जनताले स्वागत गरेको छ । सो कार्यालयले बिदाका दिन पनि नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा दिने जनाएको छ । यो सह्रानिय कार्य हो ।

सरकारले २०८० सालमा उभौली पर्व-चण्डी पूर्णिमा (बैशाख पूर्णिमा), रक्षाबन्धन, श्रीकृष्ण जन्मष्टमी, घटस्थापना, क्रिसमस डे, उद्योली पर्व, योमरी पुन्ही-ज्यापु दिवस (धान्य पूर्णिमा), ल्होसार, माघी पर्व/माघे संक्रान्ति, सेनाम ल्होसार, महाशिवरात्री, ग्याल्पो ल्होसार, ईद, बकर ईद, गणतन्त्र दिवस, जनयुद्ध दिवस, राष्ट्रिय प्रजातन्त्र दिव, अन्तराष्ट्रिय महिला दिवस, बुद्ध जयन्ती र पृथ्वी जयन्तीका दिन दिने सार्वजनिक बिदामा पनि प्रशासन कार्यालयबाट तीनै वटा सेवा प्रवाहा हुने छ । यसरी जनतालाई तीनै वटा सेवा जुनसुकै बेला पनि चाहिने हुन्छ । यसका लागि अब कार्यालय खुल्ने दिन कुर्नु पर्दैन् । सार्वजनिक बिदाकै दिन जनतालाई फुर्सद हुने भएकोले अब उनीहरुले नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्र बनाउन पाउने छन् ।

यसरी नै मालपोत, भूमिसुधार वा जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयगत कार्यालयले पनि सार्वजनिक बिदाको दिन आफ्नो सेवा प्रभाव गर्न कदम चाल्न सके पक्कै पनि जनताले राहत पाउने छन् । तसर्थ यस्ता विषयहरुप्रति अन्य कार्यालयले पनि गम्भिरतापूर्वक सोचेर निर्णय गर्न सके जनताले कहिले सास्ती व्यहोर्नु पर्ने हुदैन् ।

# गजेन्द्र नारायण सिंहपछि बरालिएको मधेस राजनीति

**राम नारायण देव**



नेपालमा तराई मधेस जहिले पनि राज्यको उपेक्षाको शिकार रहँदै आएको छ । एक शताब्दीको एकतन्त्रीय राणा शासनकालमा मधेसको अत्यधिक शोषण भयो । राजनीतिक, सामाजिक तथा आर्थिकलगायत सबै क्षेत्रमा शोषण र दमन भयो । राणा कालमा आर्थिक राजस्वको श्रोत मधेस नै थियो । वनजंगल, मालपोत तथा सीमान्त क्षेत्रमा रहेका भन्सार कार्यालय नै मुलुकको राजस्वको श्रोत रहेका थिए । राजनीतिक क्षेत्रमा मधेसको जनताको पहुँच त सपनाजस्तै थियो ।

मधेसवाट राजस्व उठाउने मात्र राणा शासकको उद्देश्य थियो । बेलामा कुनै जमिन्दार वा रैतीले मालपोत-तिरो न बुझाएमा लिलाम हुन्थ्यो । त्यसलाई सकार्ने राणाकै वरिपरिका मानिस हुन्थे । मधेसका जंगल फँडानी गरी राणाका भारदार र सेनाका अधिकृतहरूलाई हजारौ बिगहा जमीन वक्सिस र जागिर दिइन्थ्यो ।

त्यसपछि २००७ सालको जनक्रान्तिबाट प्राप्त प्रजातन्त्रपछि तत्कालीन राणा-काँग्रेस संयुक्त सरकारसमक्ष तराईका केही राजनीतिक व्यक्तिहरुले माग राख्न गए । तर सरकारले बेवास्ता गर्दा तराईका केही नेताहरूले बेग्लै नेपाल तराई काँग्रेस नामको पार्टी स्थापना गरे ।

यो लेख खास गरी तराई मधेसको राजनीतिक आन्दोलनको इतिवृत्तान्त तथा गजेन्द्र नारायण सिंहकै वरपर केन्द्रीत छ । तराई काँग्रेस पार्टीका संस्थापकहरूमा वलदेव दास यादव, कुलानन्द झाहरू थिए । पछि विधिवत रूपमा वेदानन्द झा सभापति तथा रामजनम तिवारी महामन्त्री भए । यसले तराईलाई छुट्टै प्रान्तको रूपमा मान्यता दिन तथा हिन्दीलाई तराईको भाषा बनाउन माग राख्यो ।

तर तत्कालीन केआई सिंहको सरकारले कुनै वास्ता नगर्दा विराटनगर, राजविराज, जनकपुर, वीरगञ्ज, भैरहवा र नेपालगञ्ज लगायतका सहरमा हिन्दी भाषा आन्दोलन भयो । आन्दोलनकारीहरूलाई पक्राउ गरी जेलमा हालियो । हिन्दी भाषा आन्दोलन २०१२/१४ सालमा निकै उचाई लिएको थियो । तर, बिस्तारै सेलाएर गयो ।

२०१५ सालको आमचुनावमा तराई काँग्रेसले भाग लिएको भएपनि २००७ सालको जनक्रान्तिको राप-ताप र नेपाली काँग्रेसको बलियो संगठनको अगाडि तराई काँग्रेसका सभापतिलगायत सबै पराजित भए । त्यसपछि २०१७ साल पुस १ गते राजा महेन्द्रले संसद र सरकार विघटन गरी संसदीय व्यवस्था नै समाप्त पारी निर्दलीय पञ्चायती व्यवस्था थोपरे । यसका विरुद्ध नेपाली काँग्रेसले प्रवासवाट सशस्त्र क्रान्ति गर्यो ।

तराई काँग्रेसका महामन्त्री रामजनम तिवारीले पार्टीलाई नेपाली काँग्रेसमा विलय गरे भने सभापति वेदानन्द झाले राजा महेन्द्रको कदमलाई समर्थन गरी मन्त्री खान गए । यसरी तराई काँग्रेसको विघटन भयो । २०३९ सालमा सूर्यबहादुर थापा प्रधानमन्त्री हुँदा डा. हर्क गुरुङ्को अध्यक्षतामा बसाइँ सराई आयोग गठन भएको थियो । यस आयोगले एक वर्ष लगाएर प्रतिवेदन तयार गरी सरकारमा बुझायो । यस प्रतिवेदनमा तराई-मधेसमा भारतबाट लाखौं मानिस आएर बसेका छन् भनी उल्लेख थियो ।

सो प्रतिवेदनपछि तराईका गाउँ-गाउँमा सरकार विरुद्ध विरोध चर्कियो। तराईका सहर बजारमा गोष्ठीहरूको आयोजना भयो । यो प्रतिवेदनलाई फिर्ता लिन दबाव सिर्जना गरियो ।

सोही क्रममा काठमाडौंको एउटा भेलाले तराई तथा पहाडवासीबीच सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले नेपाल सद्भावना परिषद् नामक् एउटा गैरसरकारी संस्थाको स्थापना गर्ने निर्णय गर्यो । तराईवासीहरूमा राष्ट्रवादी भावना जागृत गराई राष्ट्रिय एकता सुद्धढ गर्नु यसको अर्को उद्देश्य थियो ।

नेपाली काँग्रेसका पुराना नेता गजेन्द्र नारायण सिंह र रामजनम तिवारीको अग्रसरतामा सो संस्था गठन गरिएको थियो । त्यतिवेला यसको कुनै राजनितिक उद्देश्य थिएन ।

२०४६ सालको जनआन्दोलनपछि नेपाल सद्भावना परिषद्लाई राजनीतिक पार्टीको रूपमा परिणत गरियो । २०४७ साल वैशाखको पहिलो साता यसको पहिलो महाधिवेशन जनकपुरमा सम्पन्न भइ पूर्ण रूपमा राजनीतिक रूप लियो ।

गजेन्द्र नारायण सिंह नेपाल सद्भावना पार्टीको राष्ट्रिय अध्यक्ष निर्वाचित भए । यस पार्टीले २०४८ सालको आमचुनावमा भाग लियो । सुरुमै ६ जना सांसद निर्वाचित भए भने २०५१ सालमा ३ जना सांसद निर्वाचित भएका थिए ।

२०५६ सालको संसदीय चुनावमा मोरङबाट बद्रीप्रसाद मण्डललगायत ३ जना सांसद निर्वाचित भए पनि गजेन्द्रनारायण सिंह सप्तरीबाट पराजित भए । यसरी मण्डल नै संसदीय दलका नेता भए । गजेन्द्र नारायण सिंहलाई राष्ट्रियसभामा लगियो ।

२०५१ सालको मध्यावधि चुनावमा विजयी हुनु भएका गजेन्द्र बाबु २०५२ सालको नेपाली काँग्रेसको नेतृत्वमा बनेको शेरबहादुर देउवा नेतृत्वको सरकारमा आपूर्ति मन्त्री भए ।

त्यसैबीच सद्भावनाकै पार्टी नेता हृदयेश त्रिपाठी तथा रामेश्वर राय यादवले पार्टीबाट विद्रोह गरी समाजवादी पार्टी खोले । पार्टीभित्र निकै खिचातानी भइरह्यो तर गजेन्द्र बाबुको सुझबुझ र समयन्वयले पुनः एक भए ।

गजेन्द्र बाबु २००७ सालको जनक्रान्तिदेखि नै प्रजातान्त्रिक संस्कारमा हुर्किएकाले उहाँमा एउटा शिष्टता तथा जुझारूपन पनि थियो । उहाँले तराई मधेसलाई राष्ट्रिय मूलधारसंग जोड्ने कार्यमा संलग्न हुनुहुन्थ्यो । तराईबासी र पहाडवासीबीच कुनै प्रकारको फाटो नहोस् भनी हरदम चनाखो रहनु हुन्थ्यो ।

२०५६ सालमा काठमाडौंमा भएको ऋतिक रोशन काण्डमा तराई बासीहरुमाथि ठाउँ-ठाउँमा भएको आक्रमण तथा शान्तिनगरमा रहेको नेपाल सद्भावमा पार्टीको कार्यालयमा आगो लगाइयो । त्यसवेला गजेन्द्र बाबुले बडो संयमता तथा धैर्यपूर्वक यसलाई नियन्त्रणमा लिई काठमाडौंमा रहेका तराईका नागरिकलाई संयमता राख्न अपिल गर्नुभयो । यस घटनालाई संयमित गर्न काठमाडौ नगरभरी सद्भावना र्याली नै निकाल्न लगाउनु भयो ।

उहाँले तराईवासी तथा पहाडका जनजाति र दलितहरुलाई आफ्नो पार्टीमा समेट्नु भएको थियो । पार्टीको केन्द्रीय समितिमा पनि स्थान दिनुका साथै चुनावमा पहाडका जनजाति तथा दलितहरूलाई पनि उम्मदेवार बनाउनु भएको थियो ।

तराई र अन्य पीडित क्षेत्रका बासिन्दाहरूलाई शासन सत्तामा सहभागिताका लागि संघीय शासनको कुरा उठाउनु भएको थियो । २०४७ सालको संविधान निर्माण हुँदा उहाँ तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई तथा संविधान निर्माण समितिका पदाधिकारीहरुलाई संघीय/प्रान्तीय संरचनाका लागि लिखित सुझाव नै दिनु भएको थियो ।

साथै, मातृभाषाको माध्यमबाट अध्ययन र अध्यापनको लागि व्यवस्था गर्न सरकारलाई सुझाव पनि दिनु भएको थियो ।

२०५८ साल माघमा उहाँको निधन नहुँदासम्म तराई मधेसवासीको राजनीतिक हक-अधिकारका साथै नागरिकता विहीनहरूलाई नागरिकता उपलब्ध गराउन सरकारमाथि दवाव सिर्जना गरि रहनुभयो ।

गजेन्द्र बाबुले सद्भावना पार्टीलाई सदैब एकढिक्का राख्नु भयो । संवैधानिक बाटोबाट तराई मधेसको अधिकार र समावेशिताका लागि लड्नु भयो । कुनै पनि क्षेत्रीय वा जातीय दंगामा विश्वास गर्नु हुन्न थियो । जहिले पनि सामाजिक

***बाँकी पाँच पृष्ठमा***

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

# नारामै सिमित 'हेल्थ फर अल'

**डा वामदेव सुवेदी**

विश्व स्वास्थ्य दिवस स्वास्थ्यमा के सुधार ल्याउन सकियो भनेर मनन गर्ने, स्वास्थ्यको क्षेत्रमा भएका प्रगतिहरुको समिक्षा गर्ने र स्वास्थ्यका सवालहरुमा ध्यानाकर्षण गर्ने अवसर पनि हो । यसवर्ष विश्व स्वास्थ्य दिवसको नारा 'हेल्थ फर अल' अर्थात् 'सबैका लागि स्वास्थ्य' भन्ने रहेको छ । यो नाराले ऐतिहासिक महत्व बोकेको छ । स्वास्थ्य मौलिक मानव अधिकार हो र स्वास्थ्यको उच्चतम स्तरको प्राप्ती सबैभन्दा महत्वपूर्ण विश्वव्यापी सामाजिक लक्ष्य हो भन्ने कुरा स्मरण गर्न गराउन यसले मदत गरेको छ ।

'हेल्थ फर अल' विश्व स्वास्थ्य संगठनले सन् १९७८ मा विकास गरेको अवधारणा हो । सन् १९७८ मा रुसको आल्मा-आटामा प्राइमरी हेल्थ केयर सम्बन्धी विश्व सम्मेलन भएको थियो । आल्मा आटाको सम्मेलनले गरेको घोषणा पछि 'सबैका लागि स्वास्थ्य' को लक्ष्यले थेगो कै रुप लिएको थियो । त्यतिबेला प्राइमरी हेल्थ केयरको अवधारणालाई अगाडि ल्याइएको थियो अनि यसले गहन अर्थ बोकेको थियो । आल्मा-आटा घोषणाको एउटा मुख्य लक्ष्य भनेको सन् २००० सम्ममा विश्वभरका सबै मानिसहरुको स्वीकार्य स्तरको स्वास्थ्यमा पहुँच भएको सुनिश्चित गर्नु थियो ।

'हेल्थ फर अल' को अर्थ मान्छेको उमेर, लिंग, जातजाति, सामाजिक तथा आर्थिक हैसियत जे जस्तो भएपनि स्वास्थ्य सेवामा सबै मानिसको पहुँच हुनु पर्छ भन्ने हो । 'हेल्थ फर अल' को अवधारणाले स्वास्थ्यलाई प्रभाव पार्ने सामाजिक, आर्थिक, राजनीतिक तथा वातावरणीय कारकहरुलाई सम्बोधन गर्दै रोगलाग्न सक्ने कारणको रोकथाम र स्वास्थ्यको प्रबर्धन गर्ने कुरालाई जोड दिन्छ । यसमा सफा तथा स्वच्छ खानेपानी, सरसफाई, स्वस्थ र पोषिलो खाना, लुगाफाटो, शिक्षा, रोजगार तथा सुरक्षित काम गर्ने तथा बस्ने ठाउँको सुनिश्चितताको कुरा पर्दछन् । यो पुरानै अवधारणा हो तर यसको महत्व आज आएर झन् बढि देखिएको छ । हेल्थ फर अल सधैंका लागि र सबैका लागि उत्तिकै महत्वपूर्ण छ ।

'सबैका लागि स्वास्थ्य' सर्वोपरि महत्वको विषय हो । पहिलेको 'सबैका लागि स्वास्थ्य' अर्थात् 'हेल्थ फर अल' अहिलेको 'स्वास्थ्यमा सर्वव्यापी पहुँच' अर्थात् 'युनिभर्सल हेल्थ कभरेज'मा खुम्चिएको जस्तो छ । 'युनिभर्सल हेल्थ कभरेज' को अवधारणाले आर्थिक पाटोमा बढि जोड दिन्छ । हुनत युनिभर्सल हेल्थ कभरेजलाई सबै मानिसहरुले आर्थिक कठिनाईको सामना नगरी आफूलाई आवश्यक पर्ने गुणस्तरीय स्वास्थ्य सेवा पाउन सकेको अवस्था भनेर अर्थ्याइन्छ तर कभरेज भन्ने शव्दबाट बीमाको गन्ध आउँछ । अनि स्वास्थ्यमा नभएर स्वास्थ्य बीमामा जोड दिन खोजेको देखिन्छ । युनिभर्सल हेल्थ कभरेज भनेको स्वास्थ्य बीमाले सबैलाई समेट्ने हो र स्वास्थ्य सेवा चाहीं बीमा गरेकाले पाउने हो भनेर बुझ्ने जोखिम छ ।

त्यसो त युनिभर्सल हेल्थ कभरेजले पनि स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने र स्वास्थ्यमा असमानता कम गर्ने लक्ष्य राखेको छ । तर 'हेल्थ फर अल' को अवधारणमा जुन किसिमको गुरुत्व र गहिराई छ, त्यो 'युनिभर्सल हेल्थ कभरेज'मा छैन । हेल्थ फर अल करिव ४५ वर्ष अगाडि देखिएको एउटा सुन्दर सपना थियो। यस पटक स्वास्थ्य दिवसको नाराले त्यो सुन्दर सपनालाई पुनःस्मरण गराएको छ ।

हाम्रो संबिधानले स्वास्थ्यलाई मौलिक अधिकार मानेको छ र स्वास्थ्य नीतिले गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने लक्ष्य राखेको छ । एकातर्फ आधारभूत स्वास्थ्य सेवाकालागि पनि गोजिबाटै खर्च गर्नु पर्ने अवस्था विद्यमान छ भने अर्कोतर्फ २०७२ साल देखि शुरु भएको स्वास्थ्य बीमा कार्यक्रमले हालसम्म करिव २० प्रतिशत जनसंख्यालाई मात्र समेट्न सकेको अवस्था छ । २० प्रतिशत जनतालाई समेट्न ७ बर्ष लाग्ने हो अर्थात् यही हिंसावले स्वास्थ्य बीमा कार्यक्रम अगाडि बढ्ने हो भने सबै जनतालाई समेट्न अरु २८ वर्ष लाग्ने देखिन्छ ।

चिकित्सक र अस्पत्ताल भनेको मानिसलाई विरामी परेपछि आवश्यक पर्ने हो । विरामी पर्न नदिन र मान्छेको स्वस्थता कायमै राख्न रोकथामका उपायहरुमा जोड दिनु आवश्वक छ । भन्न त 'प्रिभेन्सन इज बेटर देन क्योर' भनेर भनिन्छ तर व्यवहारमा चाहीं क्योरमा जोड दिइन्छ । स्वास्थ्य समस्या आउन नदिनु वा रोग नलाग्नु भनेको धेरै राम्रो कुरा हो । रोकथामका उपायहरु अपनाउन सजिलो पनि हुन्छ । रोग लागे पछि स्वास्थ्य जोखिममा त पर्छ नै, उपचारमा गए पनि पूर्णरुपले निको हुन्छ भन्न सकिन्न । समस्या परे पछि समाधान खोज्नु भन्दा समस्या नै हुनबाट रोक्नु धेरै बुद्धिमानी ठहर्छ । बिरामी पर्दा अस्पत्ताल र चिकित्सकको व्यवस्था हुनु राम्रो हो तर स्वास्थ्य राम्रो छ र अस्पत्ताल जानै पर्दैन भने त्यो धेरै राम्रो हो । त्यसैले रोकथाम र स्वास्थ्य प्रबर्धनका उपायहरुलाई जोड दिनु आवश्यक छ । हामीकहाँ मान्छे विरामी नपरे त अस्पत्तालको कमाइ नै हुदैन, त्यसैले विरामी पर्नुपर्छ भन्ने मानसिकताले काम गरेको जस्तो देखिन्छ ।

मौलिक अधिकार भनेपछि स्वास्थ्य सेवा केहीलाई मात्र नभएर सबैलाई उपलब्ध हुनुपर्ने हो तर गोजिमा दाम हुनेहरुकालागि मात्र स्वास्थ्य सेवा उपलब्ध छ । नेपालमा स्वास्थ्योपचारका लागि लगभग ५८ प्रतिशत रकम व्यक्तिले आफ्नो गोजीबाट खर्च गर्ने गरेको तथ्याङ्क छ । यो भनेको ज्यादै बढि हो र यसलाई कम गर्न स्वास्थ्यमा सरकारी लगानी बढाउनु आवश्यक छ । सरकारी सेवा गुणस्तरीय नभएकोले पनि निजी सेवा लिनु पर्ने बाध्यता छ तर निजी क्षेत्र सेवामुखि भन्दा पनि नाफामुखि छ । यसलाई सेवामुखि बनाउने कुरा कागजमै सिमित छ ।

मान्छे विरामी परेपछि या त उपचार नपाई मर्ने अवस्था छ या घरखेत बेचेर उपचार खोज्न जाने विकल्प छ । यो अवस्थामा परिवर्तन ल्याउन स्वास्थ्य बीमा सहायक हुन सक्थ्यो। तर स्वास्थ्य बीमाको गति हेर्दा उदेकलाग्दो अवस्था देखिन्छ । 'हेल्थ फर अल' त धेरै टाढाको कुरा भयो 'हेल्थ इन्स्योरेन्स फर अल' पनि नजिक देखिंदैन । सबैलाई स्वास्थ्य बीमाले समेट्न सकियो र संविधानले व्यवस्था गरेको आधारभूत स्वास्थ्य सेवा निःशूल्क दिन सकियो भनेमात्र 'हेल्थ फर अल'को नजिक पुग्न सकिन्छ । विश्व स्वास्थ्य दिवसले 'सबैका लागि स्वास्थ्य' दिशामा अगाडि बढ्न मदत गरोस् । हार्दिक शुभकामना । ( सुवेदी चिकित्सा मानवशास्त्री हुन्।) स्वास्थ्य खबरबाट

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**
राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

**गुनासोका लागि**

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी**
**०३१-५२२५२३**

# अहिले नै हो कर प्रणाली सुधार गर्ने उपयुक्त समय

**रूप खड्का**

नेपालले सन् १९९० दशकमा व्यापक कर सुधार कार्यक्रम लागू गरेपछि यहाँ दक्षिण एसियाकै राम्रो कर प्रणाली स्थापित भएको थियो। यसले विगत दुई दशकमा वार्षिक औसत १८ प्रतिशत हाराहारी राजस्व वृद्धि हुनुका साथै कर राजस्व र कुल गार्हस्थ्य उत्पादनको अनुपात पनि राम्रो रह्यो।

तर केही वर्षयता हाम्रो कर नीतिमा विचलन आएको छ। राजस्व प्रशासनका महत्वपूर्ण पदमा बारम्बार हुने परिवर्तनको असर बिस्तारै राजस्व संकलनमा देखिन थालेको छ। कर व्यवस्था तथा कर प्रशासनमा उल्लेखनीय सुधार गरिएन भने राजस्व वृद्धिको विगतको प्रवृत्तिले निरन्तरता पाउने सम्भावना क्षीण भएको छ। त्यसैले आगामी दिनमा राजस्व बढाउन कर व्यवस्था तथा कर प्रशासनको सुधार आवश्यक छ।

मुलुकको वर्तमान वित्त अवस्था खराब स्थितिमा छ। नेपाल सरकारको कुल आयको करिब दुईतिहाइ मात्र राजस्व प्राप्त हुने गरेको छ। यो चालू खर्च पूर्ति गर्न पनि पर्याप्त छैन। चालू खर्चका लागि समेत ऋण लिनुपर्ने अवस्था स्वस्थ वित्त व्यवस्थाको परिचायक होइन। यस्तो प्रवृति बढ्दै गए मुलुकले ठूलो आर्थिक संकट सामना गर्नुपर्ने स्थिति आउन सक्छ।

यसमा सुधार ल्याउन एकातिर साधारण खर्चमा हदैसम्म मितव्ययी हुनु जरूरी छ भने अर्कातर्फ व्यापक कर सुधार लागू गरेर राजस्व परिचालन बढाउन आवश्यक छ। मुलुकको आर्थिक समृद्धि बढाउने हिसाबले कर सुधार गर्नु आजको आवश्यकता हो।

**त्यसो भए कर सुधार गर्न उपयुक्त समय कहिले हो त ?**

कर सुधार गर्न राजनीतिक अनुकूलता र प्रतिबद्धतालाई महत्वपूर्ण तत्वका रूपमा लिइन्छ। मुलुकमा केही महिनाअघि मात्र संसदीय चुनाव भएको छ र अर्को चुनाव हुन अझै पाँच वर्ष बाँकी छ। सामान्यतया चुनाव नजिकिँदै गएपछि उल्लेख्य कर सुधार कार्यक्रम लागू गर्न गाह्रो हुन्छ। त्यसैले राजनीतिक हिसाबले यो वर्ष र आउँदा दुई वर्ष सस्तो राजनीतिक लोकप्रियताभन्दा मुलुकको दीर्घकालीन हित विचार गरेर उल्लेख्य कर सुधार गर्न उपयुक्त समय हुनेछ।

मुलुकमा अहिले विभिन्न राजनीतिक दल सम्मिलित गठबन्धनको सरकार छ र नयाँ उल्लेख्य कार्य गर्न सरकार राजनीतिक हिसाबले सहज अवस्थामा छ। यसै पनि कर लगाउने सन्दर्भमा नेपालमा राजनीतिक दलहरूबीच कहिले पनि ठूलो विमति भएको पाइँदैन। मूल्य अभिवृद्धि कर लगाउने तयारी गर्दा र यसको कार्यान्वयन गर्दा नेपाली कांग्रेस, नेकपा एमाले तथा रार्ष्ट्रिय प्रजातन्त्र पार्टीले पटकपटक अर्थ मन्त्रालयको बागडोर सम्हालेका थिए। मूल्य अभिवृद्धि करप्रति सबैले प्रतिबद्धता देखाएका थिए। यसैगरी अन्य राजनीतिक दलहरूबाट पनि विरोध भएको थिएन। यही स्थिति आयकर ऐन २०५८ लागू गर्दा देखा परेको थियो।

कर सुधार गर्न आवश्यक अर्को महत्वपूर्ण तत्व प्राविधिक हिसाबले उच्चकोटीको कर सुधारसम्बन्धी प्याकेजको तर्जुमा हो। यसका लागि कर प्रणालीको सूक्ष्म विश्लेषण गरेर मुलुकको आर्थिक विकास गतिलाई तीव्रता दिन लगानी तथा व्यापरमैत्री कर प्रणाली स्थापना गरी प्रभावकारी रूपमा लागू गर्ने रार्ष्ट्रिय सहमति कायम गरिनुपर्छ।

छिमेकी तथा प्रतिस्पर्धी मुलुकको तुलनामा बढी कर नलगाउने, करका दरमा हचुवाका आधारमा बराबर परिवर्तन नगर्ने, मूल्य अभिवृद्धि करको वर्तमान दरलाई कम्तिमा आगामी पाँच वर्ष परिवर्तन नगर्ने, करसम्बन्धी नयाँ कानुनी व्यवस्था तथा प्रक्रिया लागू गर्दा निजी क्षेत्र लगायत सबै सरोकारवालासँग अनिवार्य रूपमा छलफल गर्नेजस्ता विषयमा रार्ष्ट्रिय सहमति कायम गरिनुपर्छ।

तेस्रो महत्वपूर्ण पक्ष कर सुधारसम्बन्धी प्रस्तावलाई सही तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्ने प्रशासनको विकास हो। नेपालको राजस्व प्रशासनलाई बढी व्यावसायिक बनाउन राजस्व सेवा वा भारत, पाकिस्तान तथा बंगलादेशमा झैं राजस्व बोर्डको व्यवस्था गरिनुपर्छ र यस प्रशासनमा कार्यरत कर्मचारीका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनुपर्छ।

**कर सुधार प्याकेज तर्जुमासम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन**

कर प्रणालीलाई राजस्व उत्पादक, सरल, सहज, सक्षम, समान र पारदर्शी बनाउन विभिन्न मुलुकले विभिन्न समयमा कर सुधार गरेको पाइन्छ। यस्तो सुधार मुलुकको वित्तीय स्वास्थ्य स्वस्थ र अस्वस्थ दुवै भएको अवस्थामा गरिन्छ। यस्तो सुधार अल्पकालमा बढी राजस्व परिचालन गर्नेभन्दा दीर्घकालीन रूपमा राजस्वको दीगो स्रोत स्थापित गर्न लागू गरिएको हुन्छ।

उदाहरणका लागि, सिंगापुरले सन् १९९० दशकको सुरूमा वस्तु तथा सेवा करका नामले मूल्य अभिवृद्धि कर लगाउने सन्दर्भमा व्यापक कर सुधार गरेको थियो।

यसको कारण के भने, सन् १९८० दशकको मध्यान्तरपछि अमेरिका लगायतका विभिन्न मुलुकमा व्यक्तिगत तथा संस्थागत आयकर दरको संख्या र तहमा भारी कटौती गरिएको थियो। सिंगापुरले पनि भविष्यमा आफ्नो आयकरमाथिको राजस्व निर्भरता घटाएर वैकल्पिक स्रोत प्रयोग गर्न आवश्यक हुन सक्छ भन्ठान्यो। सिंगापुरका जनतालाई वस्तु तथा सेवामा आधारित कर तिर्ने बानी बसाल्न सन् १९९४ मा ३ प्रतिशत मूल्य अभिवृद्धि कर लागू गरिएको थियो।

त्यसताका सिंगापुरको वित्तीय अवस्था राम्रो थियो। बजेट बचत थियो। कर सुधारबाट राजस्व वृद्धिको अपेक्षा गरिएको थिएन। त्यसैले यो कर लगाउने सन्दर्भमा सिंगापुरले १९९४ मा व्यक्तिगत आयकर छुटको सीमा बढाएर दर घटाएको थियो। संस्थागत आयकर र सम्पत्ति करको दर घटाइएको थियो भने घर बहालमा पनि केही सहुलियत दिइएको थियो।

यस किसिमको सुधार प्याकेजबाट करको आधार विस्तार गर्ने, कर प्रणाली सरल बनाउने, सिंगापुरको अर्थतन्त्र बढी प्रतिस्पर्धात्मक बनाउने, बचत, लगानी तथा काम गर्न प्रोत्साहित गर्ने र उच्च आर्थिक विकास दर हासिल गर्नेजस्ता उद्देश्य प्राप्त गर्न खोजिएको थियो।

कतिपय मध्यपूर्वी देशले पनि पेट्रोलियम पदार्थबाट प्राप्त हुने राजस्व भविष्यमा सुक्न सक्ने सम्भावना विचार गरेर वित्तीय अवस्था राम्रो भएकै बेला आफ्ना नागरिकलाई करप्रति अभ्यस्त गर्न न्यून दरका कर लगाउन सुरू गरेका छन्। साउदी अरेबिया र युनाइटेड अरब इमरेट्सले सन् २०१८ मा, बहाराइनले २०१९ मा र ओमानले २०२१ मा ५ प्रशित मूल्य अभिवृद्धि कर लगाउन सुरू गरेका थिए। साउदी अरेबिया, युनाइटेड अरब इमरेट्स र बहाराइनले २०१७ मा र ओमान तथा कतारले २०१९ बाट सीमित वस्तुमा अन्तःशुल्क लगाउन सुरू गरेका छन्।

कतिपय मुलुकमा राजनीतिक व्यवस्था परिवर्तन हुँदा पनि कर सुधार गरिएको पाइन्छ। केही मुलुकमा सरकार फेरबदल भएपछि कर सुधार भएका छन्। यसैगरी कतिपय मुलुकमा सरोकारवाला वा अन्तर्राष्ट्रिय संस्थाहरूको दबाबका कारण पनि कर सुधार गरिएका छन्।

धेरैजसो कर सुधार युद्ध, प्राकृतिक प्रकोप तथा यस्तै अन्य कारणले सार्वजनिक वित्त स्थिति बिग्रेको समयमा लागू गरिएका उदाहरण छन्। जस्तो- बेलायतले आयकरको सुरूआत फ्रान्ससँगको युद्धका लागि आवश्यक वित्तीय स्रोत जुटाउन गरेको थियो भने युरोपका फ्रान्स, जर्मनी लगायतका देशले प्रथम विश्वयुद्ध सञ्चालन निम्ति स्रोत जुटाउन बहुस्तरीय बिक्रीकर लगाउन सुरू गरेका थिए।

बहुस्तरीय बिक्रीकरबाट आर्थिक जगतमा अनेक विकृति तथा विसंगति उब्जिएपछि त्यसको निराकरण गर्न मूल्य अभिवृद्धि कर लगाउन थालिएको थियो। यसैगरी कतिपय मुलुकले अन्य विभिन्न कारणले सिर्जना भएका आर्थिक तथा वित्तीय संकट सुधार्न पनि कर सुधार गरेका थिए।

कर सुधार प्याकेजको तर्जुमा विभिन्न मुलुकमा विभिन्न समयमा विभिन्न किसिमले हुने गरेको छ। सामान्यतया कर सुधारको थालनी सार्वजनिक वित्तको जिम्मेवारी बोक्ने सरकारी निकाय अर्थ मन्त्रालयबाट हुन्छ। यस मन्त्रालयमा कर नीति शाखा व्यवस्था गरिएको हुन्छ। त्यस शाखाले मुलुकको आर्थिक अवस्था, विश्व अर्थतन्त्रको स्थिति, कर व्यवस्थामा देखापरेका विकास तथा समसामयिक कर सुधारसम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यास विचार गरेर कर सुधार प्याकेज तर्जुमा गर्छ। कर सुधारका लागि कर प्रशासनले पनि अर्थ मन्त्रालयलाई खुराक प्रदान गर्छ।

कर सुधार गर्न कतिपय मुलुकमा आयोग गठन गर्ने प्रचलन छ। यस्तो आयोग स्वदेशी वा विदेशी विज्ञको अध्यक्षतामा गठन गरिन्छ। उदाहरणका लागि, छिमेकी मुलुक भारतमा भारतीय विद्वानहरू सम्मिलित विभिन्न आयोगमा जोन मथाईको अध्यक्षतामा गठित कर सुधार आयोग १९५३-५४, न्यायाधीश वान्चुको अध्यक्षतामा गठित प्रत्यक्ष कर सुधार आयोग १९७१, एलके झाको अध्यक्षतामा गठित अप्रत्यक्ष कर सुधार आयोग १९७८, प्राध्यापक राजा जे चेलियाको अध्यक्षतामा गठित कर सुधार आयोग १९९१ र विजय केलकरको अध्यक्षतामा गठित प्रत्यक्ष कर आयोग २००२ प्रमुख छन्।

यसैगरी श्रीलंकामा एचएस वानासिंगेको अध्यक्षतामा गठित कर सुधार आयोग १९९१ र बंगलादेशमा एम मुस्ताफिजुर रहमानको अध्यक्षतामा गठित राजस्व सुधार आयोग २००३ पनि पर्छन्।

स्वदेशी विशेषज्ञहरू सम्मिलित प्रसिद्ध अन्य आयोगमा क्यानाडाको करसम्बन्धी शाही आयोग (कार्टर आयोग) १९६६, बेलायतको प्राध्यापक जेइ मिडको अध्यक्षतामा गठित आयोग १९७७ र अस्ट्रेलियाको राल्फ कमिटी १९९९ छन्।

विदेशी विद्वानहरूको संयोजकत्वमा गठित आयोगमा जापानको शुप आयोग १९४९, भेनेजुयलाको शुप आयोग १९५९, कोलम्बियाको मस्ग्रेभ आयोग १९६९, बोलिभियाको मस्ग्रेभ आयोग १९७७, कोलम्बियाको इन्टर-गभरमेन्टल फाइनान्स मिसन १९८१ र जमैकाको वाल आयोग १९८८ प्रमुख छन्।

कर सुधारसम्बन्धी अन्य प्रतिवेदनमा प्राध्यापक निकोलस काल्डरले भारतको कर सुधारका लागि १९५३ मा तयार गरेको प्रतिवेदन र संयुक्त राज्य अमेरिकाको डिपार्टमेन्ट अफ ट्रेजरीले १९८४ मा तयार गरेको ब्लुप्रिन्ट फर बेसिक ट्याक्स रिफर्म पर्छन्।

केही मुलुकमा कर प्रस्ताव तयार गर्न स्थायी संयन्त्र व्यवस्था गरिएको पाइन्छ। जापानमा सन् १९५३ मा स्थापना भएको स्थायी कर आयोगले करसम्बन्धी विविध पक्षबारे अध्ययन, अनुसन्धान, विश्लेषण, छलफल गरेर कर प्रस्ताव तयार गर्दै आएको छ। भारतमा न्यासनल इन्स्टिच्युट अफ पब्लिक फाइनान्स एन्ड पोलिसीले करबारे निरन्तर अध्ययन, अनुसन्धान, विश्लेषण आदि गरेर भारतको विभिन्न तहका सरकारलाई कर सुधारसम्बन्धी सुझाव दिँदै आएको छ। यस आधारमा कतिपय कर प्रस्ताव तयार हुने गर्छन्।

यसैगरी कर सुधार प्रस्ताव तयार गर्न विभिन्न मुलुकमा विदेशी दाताहरूद्वारा सञ्चालित परियोजनाहरूले सहयोग गर्ने गरेको पाइन्छ।

**नेपालमा कर सुधार तर्जुमासम्बन्धी अभ्यास**

नेपालमा कर सुधार प्याकेज तयार गर्न अनेक अभ्यास भएका छन्। भन्सार महसुल सुधारबारे सुझाव पेस गर्न २००८ सालपछि प्रायः बर्सेनि एउटा केन्द्रीय ट्यारिफ बोर्ड गठन गर्ने प्रचलन थियो। मुलुकमा अन्य करहरू लागू भएपछि यस बोर्डले भन्सारका साथै अन्य करसम्बन्धी सुझाव पनि दिने गरेको थियो।

तर यो बोर्ड दुई-तीन महिनाका लागि मात्र गठन गरिन्थ्यो। त्यसका लागि अर्थ मन्त्रालयको राजस्व महाशाखाले सचिवालयका रूपमा काम गरे पनि राजस्व बोर्डसम्बन्धी पूर्ण समय काम गर्ने कर्मचारी थिएन। विभिन्न निकायका प्रमुख नै बोर्डका पदेन सदस्य थिए। सम्बन्धित क्षेत्रका विज्ञको अभाव रहेकाले बोर्डको काम केही छलफल कार्यक्रममा कर छुट तथा सुविधाबारे छलफल गरेर प्रतिवेदन पेस गर्नेबाहेक राजस्वसम्बन्धी गम्भीर प्रकृतिको अध्ययन तथा अनुसन्धान गर्ने सम्भावना नै थिएन।

यस पृष्ठभूमिमा करका विभिन्न पक्षमा निरन्तर अध्ययन तथा अनुसन्धान, नयाँ कर पद्धतिको खोजी, तिनको कार्यान्वयनका लागि चाहिने पूर्वाधार विकास, विद्यमान कर तथा गैरकर प्रणालीको नियमित अनुगमन गरी आवश्यक सुधार एवं समायोजन, कर प्रणालीबाट अर्थतन्त्रका विविध पक्षमाथि पर्न गएको असर अनुमान, उद्योग वाणिज्य क्षेत्रमा कर प्रणालीबाट पर्न गएका असुविधा निराकरणको उपाय खोजी, राजस्वसम्बन्धी तथ्यांक संकलन तथा प्रकाशन, राजस्व प्रक्षेपण आदिका लागि एक उच्चस्तरीय स्थायी राजस्व बोर्ड गठन गर्नु आवश्यक भएको व्यहोरा २०४७-४८ तिर मैले तत्कालीन अर्थमन्त्रीलाई प्रस्ताव गरेको थिएँ।

त्यसमा उहाँको सहमतिपछि मैले बोर्डको उद्देश्य, कार्य, संगठन आदि समेटेर प्रस्ताव पेस गरेको थिएँ। त्यसै आधारमा अर्थ मन्त्रालयमा टिप्पणी उठाउने क्रममा बोर्डको अवधारणा अवमूल्यन भई अर्थ मन्त्रालय, त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभाग र नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधित्व भएको राजस्व अनुगमन समिति जन्मिएको थियो। उक्त समितिले केही महिना काम गरेर विभिन्न प्रतिवेदन तयार गरे पनि निरन्तरता पाउन सकेन।

त्यसपछि नेपाल सरकारले २०५६ साउनमा एक स्थायी राजस्व परामर्श समिति गठन गरेको थियो। सुरूमा यस समितिको अध्यक्ष अर्थ मन्त्रालयका विशेष सचिव रहने व्यवस्था भएकोमा २०५७ असारदेखि अर्थ मन्त्रालयको राजस्व महशाखाका सहसचिव रहने व्यवस्था गरिएको थियो। समितिमा सरकारी तथा निजी क्षेत्रको प्रतिनिधित्व हुनुका साथै स्वतन्त्र विज्ञहरू पनि सदस्य थिए।

राजस्व परामर्श समिति स्थायी भएकाले यसले करका विभिन्न पक्षबारे निरन्तर छलफल गर्ने अवस्था सिर्जना गरेको भए पनि यसका संरचना तथा कार्य प्रणालीमा थुप्रै सीमितता थिए। यसका अधिकांश सदस्य योग्यता, दक्षता वा अनुभवभन्दा पदेन सदस्य भएकाले तिनीहरूले मुलुकको वृहंगम हितभन्दा आफूले प्रतिनिधित्व गर्ने संस्थाको हितमा बढी ध्यान दिने अवस्था थियो।

यसैगरी समितिको छुट्टै सचिवालय र त्यसमा पूर्ण रूपमा काम गर्ने विज्ञ तथा कर्मचारी र आवश्यक साधनको व्यवस्था गरिएको थिएन। त्यसैले उक्त समितिले पनि कर सुधारसम्बन्धी सैद्धान्तिक मान्यता, अन्तर्राष्ट्रिय असल अभ्यास तथा मुलुकको आवश्यकताका आधारमा कर सुधारमा निरन्तर अध्ययन, अनुसन्धान तथा छलफल गरेर उपयुक्त प्याकेज ल्याउन त्यति सफल भएन।

यस सन्दर्भमा नेपाल सरकारले २०७७ मा स्थायी नेपाल राजस्व परामर्श समिति गठन गरेको थियो। यो समितिले पनि विगतको राजस्वसम्बन्धी परम्परागत किसिमको प्रतिवेदन पेस गर्नेबाहेक करसम्बन्धी वृहंगम अध्ययन, अनुसन्धान तथा विश्लेषण गरेर कर प्रणालीमा आमूल सुधार गर्ने किसिमको प्रतिवेदन दिन सकेन। सरकाले समितिलाई प्रभावकारी बनाउने उपाय अवलम्बन गर्नुको साटो २०७९ असोजमा नेपाल राजस्व परामर्श समिति नै खारेज गऱ्यो।

कर सुधारसम्बन्धी सुझाव दिन विभिन्न समयमा आयोग, समिति तथा कार्यदलहरू पनि गठन गरिएका थिए। त्यसमध्ये २०३६ सालमा गठित आर्थिक आयोग, २०४७ मा गठित राजस्व समिति, २०४८ मा गठित आर्थिक नीतिको सुधार कार्यदल, २०५१ मा गठित कर प्रणाली पुनरावलोकन कार्यदल र २०७१ मा मैरै अध्यक्षतामा गठित उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग पर्छन्।

आगामी दिनमा गर्नुपर्ने कर सुधारका सन्दर्भमा अर्थ मन्त्रालयले करका विविध पक्षबारे विस्तृत अध्ययन गरेर विभिन्न विकल्प तयार गर्नुपर्छ। प्रस्ताव तयार गर्दा करका दर बढाएर नभई आधार बढाएर थप राजस्व परिचालन गर्ने, नेपालको अर्थतन्त्र बढी प्रतिस्पर्धात्मक बनाउने, बचत, लगानी तथा काम गर्न प्रोत्साहित गर्ने, उच्च आर्थिक विकास दर हासिल गर्ने, कर कानुनमा भएका छिद्र टाल्ने र कर प्रणालीलाई सरल, सहज तथा पारदर्शी बनाई करबाट सिर्जना हुने आर्थिक, अनुपालन तथा संकलन लागत घटाउनमा जोड दिनुपर्छ।

**कर सुधार प्याकेजको कार्यान्वयन**

कर सुधार प्रस्तावका आधारमा कानुन तय भएपछि नियमावली, निर्देशिका, ब्रोसर्स लगायतका करदाता शिक्षासम्बन्धी सामग्री तयार गरेर कर प्रशासकलाई प्रशिक्षण तथा करदातालाई करदाता शिक्षा दिएर मात्र नयाँ व्यवस्था लागू गरिनुपर्छ।

नयाँ व्यवस्थासम्बन्धी कानुन राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू गर्नुको सट्टा विभिन्न तयारी सम्पन्न गरिसकेपछि मात्र लागू गरिनुपर्छ। यस्तो परम्परा मूल्य अभिवृद्धि कर ऐनबाट सुरू गरिएको थियो र अन्य ऐन-नियमका हकमा पनि यसलाई लागू गर्दै जानुपर्छ।

ऐन संसदबाट पास भए पनि सरकारले तोकेको मितिदेखि लागू गर्ने प्रचलन विश्वका विभिन्न देशमा कायम छ। न्युजिल्यान्डमा त ऐन पारित गरेको निकैपछि मात्र लागू गरिन्छ। त्यस मुलुकमा करको दरमा हुने परिवर्तन पनि कम्तिमा परिवर्तन भएको मितिले दुई महिनापछि मात्र प्रभावकारी हुने व्यवस्था छ। यो सुशासनको एउटा राम्रो उदाहरण हो।

हामीकहाँ पनि हाल सुशासनको चर्चा चल्ने गरेको छ। त्यसका लागि सरकारले उपयुक्त तौरतरिका अपनाउनुपर्छ। नयाँ ऐन लागू गर्दा वा विद्यमान ऐनमा संशोधन हुँदा त्यसबारे सम्बन्धित क्षेत्रलाई जानकारी गराउने विभिन्न उपाय अपनाउनुपर्छ। हाम्रोजस्तो सूचनाको अभाव र करसम्बन्धी चेतना कम भएको मुलुकमा त यसको झन् आवश्यकता पर्छ। नयाँ कानुन राजपत्रमा प्रकाशित भएपछि नागरिकले थाहा पाउनैपर्छ भन्ने मानसिकता परिवर्तन गर्नुपर्छ। नेपालमा राजपत्र प्राप्त गर्ने त के, यसबारे थाहासम्म पाउनेको संख्या नगन्य होला। फेरि राजपत्र वितरण व्यवस्थाका सीमितता आफ्नै ठाउँमा छन्।

त्यसैले कर सहभागिता बढाउन नयाँ ऐन वा विद्यमान ऐनमा गरिने संशोधन वा अन्य व्यवस्था राजपत्रमा प्रकाशित गरेर मात्र पुग्दैन, त्यसबारे व्यापक प्रचारप्रसार गरिनुपर्छ। यो कुरा हाम्रो अर्थतन्त्रको परम्परागत र आधुनिक दुवै क्षेत्रका लागि उत्तिकै महत्वपूर्ण छ। परम्परागत क्षेत्रका व्यक्तिले नयाँ व्यवस्थापनबारे तुरून्तै थाहा नपाउने हुँदा तिनलाई जानकारी गराउने विभिन्न उपाय अवलम्बन गर्नुपर्छ र त्यसका लागि समय लाग्छ।

परम्परागत क्षेत्रको तुलनमा आधुनिक क्षेत्रका व्यक्तिले नयाँ व्यवस्थाबारे छिटो थाहा पाउन सक्छन्। तर तिनले आफ्नो कारोबारको अभिलेख कम्प्युटर प्रणालीअन्तर्गत राखेको हुन सक्छ। आधुनिक क्षेत्रका कतिपय करदाताले कम्प्युटरअन्तर्गत बिल काट्ने, लेखा राख्ने, अग्रिम कर कट्टी आदि गरेको हुन सक्छ। त्यस्तो अवस्थामा कर व्यवस्थामा गरिएका परिवर्तन लागू गर्न पनि कम्प्युटर प्रोग्राममा परिवर्तन गर्नुपर्ने हुन सक्छ र त्यसका लागि पनि समय लाग्छ।

त्यसैले कर व्यवस्थामा गरिएका परिवर्तन तोकिएको मितिदेखि लागू हुने व्यवस्था भए सम्बन्धित व्यक्तिलाई जानकारी हुने र कार्यान्वयन निम्ति आवश्यक तयारी गर्न सम्भव हुन्छ। हाल करका दरको तह तथा संख्या कटौती भएको र अन्तर्राष्ट्रिय जगतमा आगामी चार-पाँच वर्षका लागि करका दर पहिले नै तोक्ने गरेको प्रचलन बढ्दै गएको सन्दर्भमा हामीकहाँ पनि त्यसैअनुरूपको व्यवस्था लागू गर्दै जानुपर्छ।

करसम्बन्धी नयाँ व्यवस्था विगतको कुनै समयदेखि (ब्याक डेट) लागू गर्ने कुरा कुशासनको नमूना भएकाले यस किसिमको व्यवस्था कुनै पनि करको सन्दर्भमा लागू गरिनु हुँदैन। सुशासन स्थापना गर्ने सन्दर्भमा सरकारी क्षेत्रका गतिविधिले सरकार र निजी क्षेत्रको कार्यबोझ बढाउने होइन, घटाउन सक्नुपर्छ। सेतोपाटीबाट

# तीन पालिकामा आगलागि हुँदा दुई जना घाइते, ६ घर जलेर नष्ट, २४ लाख मुल्य बराबरको क्षति

**राजविराज**/सप्तरीको तीन पालिकामा आगलागि हुँदा दुई जना घाइते भएका छन् भने ६ घर जलेर नष्ट भएको छ। आगलागिमा २४ लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

जिल्लाको कंचनरुप नगरपालिका १ बैरवामा मंगलबार बिहान आगलागि हुँदा दुई जना घाइते भएका छन् भने तीन घर जलेर ९ लाख मुल्य बराबरको क्षति भएको छ।

स्थानिय बिनय खंगको भान्सा कोठाबाट खाना पकाउने क्रममा सल्केको आगो फैलिएर उनका साथै छिमेकी रामेश्वर खंग र धुरेन्द्र खंगको घर पनि नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सो आगलागि निभाउने क्रममा ५२ वर्षिय बिनय खंग र ३५ वर्षिय गजिन्द्र सदा घाइते भएका छन्। जलेर गम्भिर घाइते भएका बिनय खंगलाई उपचारका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान पठाइएको छ भने गजिन्द्रको स्थानिय धर्मेश्वर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार घर, लत्ताकपडा, भाडाकुडा र खाद्यान्न सबै जलेर बिनयको ५ लाख, रामेश्वरको २ लाख ५० तथा धुरेन्द्रको १ लाख ५० हजार गरि ९ लाख मुल्य बराबरको सम्पत्ति नष्ट भएको छ।

यता सोमबार राती जिल्लाको रुपनी गाउँपालिका वडा नं. २ स्थित रामनारायण साहको घरमा बिद्युत सर्ट भई आगलागि हुँदा उनका भाई शिवनारायण साहको गरि दुई घर जलेर नष्ट भई १० लाख बराबरको क्षति भएको छ।

आगलागिमा तीन वटा पशु चौपायासमेत जलेर मरेका छन्। दुबै ठाउँको आगलागि नियन्त्रणका लागि शम्भुनाथ नगरपालिका, कंचनरुप नगरपालिका र मधेश प्रदेश प्रहरी तालिम केन्द्रको बारुणयन्त्र तथा प्रहरी र स्थानियवासीको मद्दतले दुई घण्टाको प्रयासपछि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै सोमबारै महादेबा २ बस्ने जय कुमात पैकराको घरमा विद्युत सर्ट भई आगलागि हुँदा टाटी र जस्ताले छाएको ३ तल्ले फुसको घर पुर्ण रुपमा जल्दा ४ लाख ५० हजार मुल्य बराबरको क्षति भएको छ। सो आगलागिमा छिमेकी सुरेश इसरको घरको घरमा क्षति हुँदा ५० हजार मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै सोही दिन जिल्लाको शम्भुनाथ नगरपालिकास्थित सव डिभिजन वनकार्यालयको प्राङगणमा राखिएको पुरानो काठहरुमा अचानक आगलागि भएको छ। सो आगलागिमा १५ वटा गुलिया काठ जलेर नष्ट हुँदा एक लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

## *गजेन्द्र नारायण...*

सद्भावमा जोड दिनुहुन्थ्यो। त्यसैले त उहाँले पार्टीको नाम नै निकै सुझबुझका साथ नेपाल सद्भावना पार्टी राख्नु भएको थियो।

गजेन्द्र बाबुको निधन भएपछि मधेसको राजनीति दिशाविहीन भयो। कुनै नेताले तराई मधेसलाई एकजुटमा राख्न सकेनन्। अरु त अरु उहाँद्वारा गठित नेपाल सद्भावना पार्टी नै टुक्रा-टुक्रामा विभाजित भयो। सबैले आआफ्नै डम्फू बजाउन थाले। पार्टीलाई सत्तारोहणको भर्याङ्ग बनाउन थाले।

२०६३ सालमा मधेसी जनअधिकार फोरमको अगुवाईमा भएको मधेस- आन्दोलनमा धेरैले सहादत प्राप्त गरे। अन्तरिम संविधानमा संघीयताको उल्लेख नगरेकाले यस आन्दोलनकारी समूहसँग तत्कालीन सरकारले सहमति गरी अन्तरिम संविधानमा संघीयता शब्द थप गर्ने स्वीकार गरेको थियो।

त्यसपछि २०६४ सालमा भएको सांसदको चुनावमा आन्दोलनको रापतापवाट मधेसी जनअधिकार फोरम संसद्मा चौथो शक्ति वन्न पुग्यो। नेपाली काँग्रेस, एमाले जस्ता राष्ट्रिय पार्टीका नेता कार्यकर्ता फोरममा प्रवेश गरे। नेपाली काँग्रेसका विजयकुमार गच्छदार, जयप्रकाश गुप्ता, कम्युनिष्टबाट महेन्द्रराय यादवहरु फोरममा प्रवेश गरे। फोरमले राष्ट्रिय राजनीतिमा बलियो पकड राखेको थियो।

तर पार्टी अध्यक्ष उपेन्द्र यादवले अन्य पार्टीबाट आएकाहरुलाई धेरै वर्ष टिकाउन सकेनन्। केही वर्ष पछि नै विजय गच्छदार, जयप्रकाश गुप्ताहरूले आ-आफ्ना पार्टी खोली अलग भए।

अर्को प्रसंगमा २०६४ साल फागुनमा नेपाली काँग्रेसमा स्थापित नेता महन्थ ठाकुर, बृषेशचन्द्र लालहरु तराई-मधेस लोकतान्त्रिक पार्टी गठन गरी काँग्रेसबाट अलग भएका थिए। संसदीय चुनाव लडी केही सिटमा जितेर सरकारमा जान पनि सफल भए।

तर लामो समय पार्टीलाई ठाकुरजीले पनि एक ढिक्का राख्न सकेनन्। त्यसबाट अलगिएर महेन्द्रराय यादवहरूले अर्को पार्टी गठन गरे। यसरी मधेसको शक्ति कमजोर हुन गयो।

२०७२ साल असोज ३ गते संविधान घोषणा भएपछि मधेसको हक-अधिकारलाई स्थापित न गरेको भन्दै मधेसकेन्द्रीत दलहरू संविधानसभा नै बहिष्कार गरी सडक आन्दोलनमा गए। संविधान दिवसलाई कालो दिवस भनी वहिस्कार गरे। आन्दोलनमा कैयौ सहिद भए।

५ महिनासम्म निरन्तर आन्दोलन भयो। भारतले नाकाबन्दी लगायो। तर पनि सरकारले वास्ता गरेन। पछि भारतले नाकावन्दी हटाएपछि स्वतः आन्दोलन पनि शिथिल भयो।

२०७४ को स्थानीय चुनावमा भाग नलिने अडान राखे तापनि स्थानीय लगायत सबै तहका चुनावमा पछि मधेसवादी दलहरुले भाग लिए। अनि, सरकारमा पनि पटक-पटक सहभागी भए।

पछिल्ला दिनहरूमा मधेसकेन्द्रीत दलहरू पटक पटक एकीकरण पनि गरे तर केही वर्षपछि अलग भए। मधेसवादी दलहरूमा काँग्रेस, एमाले, माओवादी जस्ता ठूला पार्टीहरूलाई हेर्ने दृष्टिकोण पनि फरक-फरक देखिन्छ।

पार्टी टुक्रिएर बनेको जसपा र लोसपाहरूले कहिले काँग्रेसँग गठबन्धन गरे त कहिले एमालेसँग। तत्कालीन प्रधानमन्त्री केपी ओलीले संसद विघटन गर्दा मधेसवादी दलहरूमा फरक-फरक दृष्टिकोण थियो।

गत संसदीय चुनावको अन्तिम समयमा आएर उपेन्द्र यादवको नेतृत्वमा रहेको जसपाले एमालेसँग साँठगाँठ गर्यो भने महन्थ ठाकुरको नेतृत्वमा रहेको लोसपा काँग्रेससँगै चुनावी गठबन्धनमा रह्यो।

यसरी अलग-अलग साँठगाँठ गरेकाले मधेसकेन्द्रीत दलले चुनावमा राम्रो नतिजा ल्याउन सफल भएनन्। मधेसवादी दलहरूले को शत्रु, को मित्र भन्ने छुट्याउन सकेनन्। जसपा र लोसपाको सैद्धान्तिक, वैचारिक अस्थिरताले धेरै कार्यकर्ताहरु काँग्रेस र एमालेमा प्रवेश गरे।

गत संसदीय निर्वाचनमा जसपाका केन्द्रीय अध्यक्ष उपेन्द्र यादव सप्तरी-२ बाट जनमत पार्टीका सीके राउतसँग पराजित भएपछि अहिले बारा-२ मा हुन गइरहेको उपनिर्वाचनमा लड्दै छन्। त्यस क्षेत्रबाट जनमत पार्टीका उम्मेदवार शिवचन्द्र कुशवाहालगायत अन्य पार्टीहरुबाट पनि उम्मेदवार खडा छन्।

जनमत पार्टीले जसपालाई चुनौती दिइरहेको छ। छोटो अवधिमा नै जनमत पार्टीले मधेसमा राम्रो पकड जमाएको छ। कुनैबेला स्वतन्त्र मधेसको नारा दिने यसका नेता सीके राउतले मूलधारको राजनीतिमा आएपछि मधेसकेन्द्रीत दलहरुलाई चुनौती दिने भइसकेका छन्। प्रत्यक्षमा १ जना तथा समानुपातिकमा ४ जना गरी ५ जना सांसद जनमतबाट प्रतिनिधिसभामा पुगेका छन्।

आगामी वैशाख १० गते बारा-२ मा हुन गइरहेको संसदीय चुनावमा जसपाका उम्मेदवार उपेन्द्र यादवलाई जनमतका उम्मेदवार शिवचन्द्र कुशवाहाले कडा टक्कर दिने देखिएको छ। गज्जुबाबुले मधेसीहरु मिलेर अघि बढ्नुपर्ने वकालत गरे जीवनपर्यन्त। तर अहिले तराई मधेसमा जसपा ठूलो कि जनमत भन्ने जुंगाको लडाइँ देखिएको छ। अन्ततः यसले मधेसकेन्द्रीत दलभन्दा ठूला दललाई नै फाइदा हुने देखिन्छ। र, यसले दीर्घकालीन असर पार्ने छ। समग्रमा गजेन्द्र नारायण सिंहको शेषपछि बरालिएको छ, मधेसको राजनीति। रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## जापानी प्रधानमन्त्रीमाथि आक्रमणको प्रयास

**टोकियो**/प्रधानमन्त्री फुमियो किशिदामाथि देशको पश्चिमी भाग वाकायामामा आक्रणको प्रयास भएको छ। वाकायामा आयोजित एक चुनाबी कार्यक्रममा मन्तव्य व्यक्त गर्न लागेका प्रधानमन्त्रीमाथि 'स्मोक बम' प्रहार भएको सरकारी समाचार समिति क्योदो तथा प्रसारण संस्था एनएचकेले जनाएका छन्।

प्रधानमन्त्रीमाथि कुनै चोटपटक नलागेको तथा उहाँलाई सुरक्षितरूपमा सकुशल कार्यक्रमस्थलबाट निकालिएको छ। प्रतिनिधिसभाको उपनिर्वाचनको समर्थन गर्ने कार्यक्रममा मन्तव्य व्यक्त गर्न मञ्चमा पुग्न लागेका प्रधानमन्त्रीमाथि आक्रमण भएको हो। आक्रमणको आशङ्कामा प्रहरीले घटनास्थलबाट एक जनालाई नियन्त्रणमा लिएको छ। यद्यपि प्रहरीले यसलाई पुष्टि गरे पनि थप जानकारी दिएको छैन।

एक जना प्रत्यक्षदर्शीका अनुसार एक युवकले प्रधानमन्त्रीलाई लक्ष्य गर्दै केही फ्याकेको देखेको तथा केही क्षण मै धुँवाको मुस्लो ठूलो आवाजमा त्यो वस्तु विष्फोट भएको थियो। बम विष्फोटपछि कार्यक्रमस्थलबाट सर्वसाधारण भागेका दृश्य एनएचकेको प्रसारणमा देखिन्छ।

प्रधानमन्त्री किशिदाको लिबरल डेमोक्र्याटिक पार्टीका सदस्य हिरोशी मोरियामाले लोकतन्त्रको आधारस्तम्भ सुदृढ बनाउने चुनावी अभियानमा यस्ता घटना हुनु खेदजनक भएको बताउँदै त्यसलाई उनले अक्षम्य अपराध भनेका छन्।

जापानमा हिंसात्मक घटना विरलै हुने गरेका छन् तर गत वर्ष चुनावी अभियानका क्रममा पूर्वप्रधानमन्त्री शिन्जो आबेको गाली प्रहारबाट हत्या भएपछि राजनीतिक दलका नेतामा सुरक्षा चिन्ता बढेको छ। एजेन्सी

## कोरोनाका दश हजार बिरामी थपिए

**नयाँदिल्ली**/बितेका २४ घन्टामा देशभर १० हजार सात सय ५३ जना कोरोनाका बिरामी थपिएका छन्। शुक्रबार ११ हजार एक सय नौ जना बिरामी भेटिएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले शनिबार जनाएको छ। गत बिहीबार १० हजार एक सय ५८ जनामा कोभिड-१९ भेटिएको थियो। अहिले भारतभर ५३ हजार सात सय २० जना सक्रिय सङ्क्रमित छन्। बितेका २४ घन्टामा छ हजार छ सय २८ जना स्वास्थ्य लाभ गरी घर फर्केका छन्। हालसम्म चार करोड ४२ लाख २३ हजार दुई सय ११ जना कोरोनामुक्त भएका छन्। एजेन्सी

## रुसी क्षेप्यास्त्र आक्रमणमा नौ जना युक्रेनी मारिए

**किएभ**/युक्रेनको स्लोभियान्स्कामा रुसले गरेका क्षेप्यास्त्र आक्रमणमा परी नौ जना युक्रेनीको ज्यान गएको भने २१ जना घाइते भएका छन्। मस्कोले बाख्मुतका थप जिल्ला कब्जा गर्ने प्रयासमा स्लोभियान्स्कमा आक्रमण गरेको हो।

डोनेट्स्क क्षेत्रका गभर्नर पाब्लो किरिलेन्कोका अनुसार बाख्मुटको पश्चिममा अवस्थित स्लोभियान्स्कमा रुसले शुक्रबार सात वटा क्षेप्यास्त्र प्रहार गरेको थियो। सात जनाको आक्रमणस्थलमा र एक जनाको भग्नावशेषबाट उद्धार गरिएपछि एम्बुलेन्समा मृत्यु भएको हो। आक्रमणमा दुई वर्षको शिशुको पनि ज्यान गएको छ।

उक्त आक्रमण रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले कुनै पनि रुसी नागरिक सेनामा भर्ती हुन, बोलाइएको बेला उपस्थित हुन तथा देशबाट बाहिर जान नपाउने कानुनमा हस्ताक्षर गरेपछि भएको अल जजिराले जनाएको छ।

उक्त कानुनअनुसार अब कुनै पनि नागरिकले अनुमति बिना विदेश भ्रमण गर्न पाउने छैनन् भने हरेक निकायमा राष्ट्रसेवाका निम्ति उपस्थित हुन बेग्लै पत्राचारको आवश्यकता पर्दैन। उक्त कानुनलाई विद्युतीय आदेशका रूपमा मान्यता दिइएको छ। विद्युतीय माध्यमबाटै कुनै नागरिकलाई सूचीकृत कार्यालयमा सेवाका निम्ति बोलाउन सकिने छ।

युक्रेन युद्ध प्रारम्भ भएपछि आफ्ना सेनालाई सघाउन नागरिकलाई समेत परिचालन गर्न सकिने घोषणा राष्ट्रपतिले गरेपछि दशौँ हजार रुसीले देश छाडेका थिए।

गत वर्षको २४ फेब्रुवरीमा युक्रेनमा रुसी आक्रमण भएपछि एक लाखभन्दा बढी युक्रेनी सैनिक तथा त्यति नै सङ्ख्यामा रुसी सेनाले ज्यान गुमाएका अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। अमेरिकी अधिकारीहरूका अनुसार दुवै पक्षका ४० हजार गैरसैनिक पनि युद्ध मारिएका छन्।

रुस र युक्रेनले युद्धमा भएको हताहतिबारे आधिकारिक विवरण सार्वजनिक नगरे पनि केही महिनाअघि युक्रेनी सेनाका प्रमुखले स्थानीय सञ्चारमाध्यमलाई नौ हजार युक्रेनी सेनाले वीरगति प्राप्त गरेका बताएका थिए। रुसी अधिकारीहरूले पनि छ हजार सैनिकले ज्यान गुमाएका जानकारी दिएका थिए।

संयुक्त राष्ट्रसङ्घले रुस र युक्रेनबाट भागेर युरोपेली देशमा शरण खोज्नेको सङ्ख्या ७८ लाख पुगेको जनाएको छ। युक्रेन युद्धका कारण विश्व अर्थतन्त्रमा अकल्पनीय प्रभाव परेको छ। धान्नै नसक्ने गरी मुद्रास्फीति बढेको छ भने न्यून आय भएका देशका जनताको जीवन कष्टकर बनेको छ। एजेन्सी

# अत्याधिक मदिराले ज्यान गयो

**राजविराज**/अत्याधिक मदिरा सेवनका कारण शुक्रबार बिहान एक जनाको ज्यान गएको छ । मृत्यु हुनेमा राजविराज नगरपालिका ४ घर भई हाल वडा नं. ६ मा बस्दै आएका ५५ वर्षिय गणेश साह रहेको प्रहरीले जनाएको छ ।

वडा नं. ६ स्थित सिरहा रोड छेउमा पानी जमेको खाल्डोमा उनी मृत अवस्थामा फेला परेका छन् । प्रहरीले अत्याधिक मदिरा सेवनका कारण उनको ज्यान गएको जनाएको छ ।

प्रहरीका अनुसार बिहान ६ बजे स्थानियले खाल्डोमा मृत अवस्थामा साहलाई देखेपछि प्रहरीलाई खबर गरेको थियो । पहिलेदेखी नै मदिरा सेवन गर्दै आएका उनी नयाँ वर्षका दिन अत्याधिक मदिरा सेवन गरेको प्रहरीले जनाउँदै घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# अनियन्त्रित भई मोटरसाइकल दुर्घटना हुँदा तथा अन्य दुर्घटनामा चालकसहित ९ जना घाइते

**राजविराज**/सप्तरीको विभिन्न स्थानमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालकसहित ५ जना तथा अन्य सवारी दुर्घटनामा ४ जना गरि ९ जना घाइते भएका छन् ।

जिल्लाको बोदेबर्साईन वडा नं. २ वैरियास्थित विष्णुपुर बोदेबर्साईन सडक खण्डमा शुक्रबार उत्तरबाट दक्षिण तर्फ आँउदै गरेको प्र.२-०१-००१प.९७९१ न.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ ।

सो दुर्घटनामा चालक वडा नं. ४ का २५ वर्षिय चन्द्र किशोर साह घाइते भएका छन् । उनलाई धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि लगिएको प्रहरीले जनाएको छ ।

यस्तै शुक्रबारै जिल्लाको अग्निसाईर कृष्णसवरण गाउँपालिका १ घोड्हीदाह स्थित पुर्व पश्चिम लोकमार्गमा पश्चिमबाट पुर्वतर्फ आउदै गरेको को.२६प.५२५३ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई सोही दिसा तर्फआउदै गरेको स.७प.९९६ नं. को मोटरसाइकलले पछाडिबाट ठक्कर दिदा दुर्घटना भएको छ ।

सो दुर्घटनामा दुबै मोटरसाइकलमा सवार चालकसहित तीन जना घाइते भएका छन् । प्रहरीका अनुसार को.२६प.५२५३ नं. को मोटरसाइकल चालक राजबिराज १२ निवासी सोनु कुमार साह, पछाडी सवार उनकी श्रीमती आरती कुमारी साह र स.७प. ९९६ नं. को मोटरसाइकल चालक सप्तकोशी १० निवासी देवकान्त चौधरीका ५ वर्षिय छोरो थोमस चौधरी घाइते भएका छन् ।

उनीहरु सबैको स्थानिय अहिर अस्पताल जण्डोलमा उपचार भईरहेको छ तथा दुबै घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि जिल्लाको खडक नगरपालिका ११ बनौली चौक स्थितमा पश्चिमबाट पुर्व तर्फ जादै गरेको अनटेष्ट मोटरसाइकलले पैदल यात्रीलाई ठक्कर दिएको छ । ठक्करबाट स्थानिय १२ वर्षिय बालक रंजित पासवान घाइते भएका छन् ।

प्रहरीका अनुसार बाटो काट्ने क्रममा मोटरसाइकलले ठक्कर दिएको हो । उनको दाहिने खुट्टा, दाहिने हातमा चोट लागेकोले स्थानिय मेडिकल बोदेबर्साईनमा उपचार भईरहेको छ ।

यस्तै सोहि दिशातर्फ जादै गरेको प्र.२-०१-००३प.४६८८ न. को मोटरसाइकलले अनटेष्ट मोटरसाइकललाई पछाडीबाट ठक्कर दिदा अनटेष्ट मोटरसाइकलका चालक राजविराज ६ निवासी २५ वर्षिय महेश कुमार राम, पछाडी सवार १७ वर्षिय पंकज कुमार राम र प्र.२-०१-००३प.४६८८ न. को मोटरसाइकल चालक बोदेबर्साईन ५ निवासी ३० वर्षिय हिरा अली घाइते भएका छन् । उनीहरुको स्थानिय अस्पतालमा उपचार भइरहेको छ ।

# प्रयोगशाला सेवा शुभारम्भ

**राजविराज**/सप्तरीको महादेवा गाउँपालिका ३ स्थित स्वास्थय चौकी बथनाहामा शुक्रबारदेखी प्रयोगशाला सेवा शुभारम्भ भएको छ ।

मधेस प्रदेश सरकार एवम स्थानिय तह विचको सहकार्यमा सो प्रयोगशालाको शुभारम्भ भएको हो ।

महादेवा जनस्वास्थ्य प्रयोगशाला स्वास्थ्य चौकी बथनाहामा विभिन्न प्रकारका उपकरणहरु दिएपछि गाउँपालिका अध्यक्ष सुनिल कुमार मण्डलद्वारा एक समारोह विच प्रयोगशालाको उद्घाटन गरिएको जनाइएको छ ।

प्रयोगशाला सेवा शुभारम्भ कार्यक्रममा गापाका उपाध्यक्ष अर्चनाकुमारी यादव, प्रमुख प्रशासकिय अधिकृत केशवकुमार झा, लोसपाका युवा नेता सुरेन्द्रकुमार यादव लगायतको उपस्थिति रहेको थियो ।

# रकम झिक्न ढिलाई हुँदा एटिएम बुथमा तोडफोड

**राजविराज**/प्रहरीले एटिएम बुथमा तोडफोड गरेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिका ६ महुली बजारस्थित माछापुच्छ्रे बैंकको एटिएम बुथमा तोडफोड गरेको आरोपमा बिहीबार साँझ दुई जनालाई पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ पर्नेहरुमा सोही गाउँपालिकाका ३८ वर्षिय शुभाषकुमार चौधरी र निराजन चौधरी छन् । दुवै जनालाई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयको नियन्त्रणमा राखिएको छ ।

एटिएमबाट पैसा झिक्न गएका उनीहरुले केही प्राविधिक कारणले ढिलाई हुँदा एकासी बुथमा तोडफोड सुरु गरेको प्रहरीको भनाई छ । तोडफोडबाट बैंकको एटिएम बुथको शिशाहरु फुटेको प्रहरीले जनाएको छ ।

# ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालक तथा मोटरसाइकल र साइकल ठोकिदा तीन जना घाइते

**राजबिराज**/सप्तरीमा बिहीबार भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालक तथा मोटरसाइकल र साइकल एकआपामा ठोकिदा तीन जना घाइते भएका छन् ।

राजबिराज वडा नं. १० पम्प नहरस्थित दिघवा सडक खण्डमा ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालक घाइते भएका छन् । दिघवाबाट पम्प नहर आउदै गरेको स.१त. ५४१७ न. को ट्याक्टरले विपरित दिशातर्फ जादै गरेको स.५प. २०८५ न. को मोटरसाइकललाई ठक्कर दिएको हो ।

ठक्करबाट मोटरसाइकल चालक जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिका २ इटहरवा निवासी निराजन चौधरी घाइते भएको प्रहरीले जनाएको छ ।

यस्तै बिहीबारै जिल्लाको विष्णुपुर गाउँपालिका १ जमुनीस्थित हुलाकी राजमार्ग सडक खण्डमा मोटरसाइकल र साइकल ठोकिएको छ । सिरहादेखि राजविराजतर्फ आउदै गरेको बा.२४ प. ८९२ नं को मोटरसाइकल र सोहि दिशा तर्फ जादै गरेको साइकल ठोकिएको प्रहरीले जनाएको छ ।

साइकल घुमाउने क्रममा मोटरसाइकल र साइकल ठोकिदा मोटरसाइकल चालक राजविराज ११ फर्सैठ निवासी ४८ वर्षिय शिवराम यादव र साइकल यात्री ३० वर्षिय प्रमोद दास घाइते भएको प्रहरीले जनाएको छ ।

दुवैलाई उपचारका लागि राविराज पठाइएको तथा दुइटै सवारी प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# म्याजिकलाई ओभरटेक गर्ने क्रममा मोटरसाइकल चालहसहित दुई घाइते

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिका ११ मा मोटरसाइकलले म्याजिकलाई ओभरटेक गर्ने क्रममा शुक्रबार दुर्घटना हुँदा दुई जना घाइते भएका छन् ।

घोघनपट्टी पुर्व पश्चिम लोकमार्गमा पुर्वबाट पश्चिम तर्फ जादै गरेको प्र.२-०१-००१प.९७०३ नं. को मोटरसाइकलले सोहि दिशातर्फ जादै गरेको प्र.२-०१-००१ज.००२६ नं. को म्याजिकलाई ओभर टेक गर्ने क्रममा दुर्घटना हुँदा मोटरसाइकल चालकसहित दुई जना घाइते भएका छन् ।

प्रहरीका अनुसार मोटरसाइकललाई म्याजिकले पछाडीबाट ठक्कर दिदा मोटरसाइकल चालक कंचनरुप ११ बस्ने २५ वर्षिय विष्णु माझी र पछाडी सवार १७ वर्षिय किरण चौधरी घाइते भएका छन् । उनीहरुको टाउको, शरिरको विभिन्न भागमा चोट लागेको स्थानिय धर्मेश्वर अस्पताल ठेलियामा उपचार पश्चात थप उपचारका लागि विराटनगर तर्फ पठाईएको प्रहरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*